आज मितिः२०८०।१०।१५ गते सोमबारका दिन विहान ८:०० बजे यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री चक्रपाणी आर्यालज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उप-प्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | सदस्य | |
| १५ | चन्द्रवति थारु | सदस्य | |
| १६ | शान्ता पाण्डे | सदस्य | |
| १७ | शारदा परियार | सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | सदस्य | |
| १९ | डिल बहादुर सुनार | सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८०।१०।१५ गते, बैठक संख्या: १० को प्रस्ताव तथा कार्यसूची**

प्रस्ताव नं. १०.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १०.२ स्वच्छ उर्जा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १०.३ नदीजन्य पदार्थको IEE-Revised सम्बन्धमा,

प्रस्ताव नं. १०.४ विविध

CamScanner

**बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या: १० मिति: २०८०।१०।१५**

**प्रस्ताव नं. १०.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १०.१** संघीय समपुरक र विशेष योजनाहरु छनोट गरिएको, महिलासग उपप्रमुख शिर्षकमा रहेको कार्यक्रमको विनियोजन गरी विभिन्न शिर्षकमा कार्यक्रम सञ्चालनको प्रकृयामा रहेको, बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि छुट्टिएको बजेटबाट कार्यक्रम स्वीकृत गरिएको, खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी नियमावली, २०८० स्वीकृत गरी साविकमा जिल्ला जलस्रोत समितिले गर्ने कार्य नगरबाटै गर्ने गरी व्यवस्था मिलाईएको, वडा नं. ४ को कृषि हाटबजार निर्माण कार्यको लागि जग्गा छनोट गरी निर्णय गरिएको, सार्वजनिक सुनुवाई कार्यक्रम तय गरिएको र सिद्धार्थ क्याम्पस बाणगङ्गाको सभाहलमा सम्पन्न भएको ।

**प्रस्ताव नं. १०.२ स्वच्छ उर्जा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १०.२** नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय वैक्लपिक उर्जा प्रवर्द्धन केन्द्रको हरित जलवायु कोषको सहयोगमा कार्यन्वयन हुने पाँच वर्षे खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा तपसिल बमोजिम साझेदारी गर्ने निर्णय गरियो ।

**तपसिल:**

५ वर्षको लागि प्रविधिहरुको आवश्यकता,

| क्र.सं. | प्रविधीको नाम | आवश्यक संख्या | लागत सहभागिता |
|---|---|---|---|
| क) | विद्युतिय चुलो | ७०००(सात हजार) | लागतको १९% |
| ख) | तह ३ को सुधारिएको चुलो | ३००० (तीन हजार) | लगतको १५% |
| ग) | घरायसी बायो ग्यास | ५० (पचास) | लागतको १०% |

**प्रस्ताव नं. १०.३ नदीजन्य पदार्थको IEE-Revised सम्बन्धमा,**

**निर्णय नं. १०.३** यस नगरपालिका अन्तर्गत बाणगङ्गा नदी तथा कोईली र घिरि खोलाबाट उत्खनन, संकलन गरिने नदिजन्य पदार्थको लागि प्रारम्भिक वातावरणीय परीक्षण पुनरावलोकन (IEE-Revised) को लागि परामर्शदातालाई दिईएको कार्यदेश अनुसार प्राप्त भई प्रस्तुतिकरण भएको र छलफलबाट प्राप्त सुझावहरुलाई समेटिने गरी Revised IEE स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.४ विविध ।**

**निर्णय नं. १०.४.१** नगरपालिका देखि सिमलको रुख हुँदै दुर्गामन्दिर बुड्ची जोड्ने सडकको स्तरोन्नती भई यातायातका साधनहरुको आवतजावत बाक्लो हुँदै गएको तर बाटोको बिचमा एउटा टिक प्लाईको बोट भएको कारण दुर्घटना बढ्दै जाने अवस्था देखिएकोले उक्त रुखलाई नियमानुसार हटाउन डिभिजन वन कार्यालय, कपिलवस्तु र सब डिभिजन वन कार्यालय, पिपरालाई पत्राचार गर्ने निर्णय गरियो ।

CamScanner